बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# फिरऊनलाई बिदा!



लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Lyn Doerksen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

BFC
PO Box 3
Winnipeg, MB R3C 2G1
Canada

©2016 Bible for Children, Inc.

अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।



फिरऊन रिसाए किनकि
परमेष्वरले मोषाद्वारा
इस्राएलीहरूलाई
दासत्वबाट निकाल्ने
आदेष दिएको थियो तर
उनले अस्वीकार गरे।



“तिनीहरूलाई कड़ा काम गराऊ” भनी फिरऊने दासहरूको हाकिमलाई हुकूम गरे। त्यो कुरा इस्राएलीहरूको लागि खराब भयो।

“ईटा बनाउनलाई अहिलेसम्म दिने गरेका पराल अब तिनीहरूलाई नदिनू। तिनीहरू आफै गएर आफ्ना निम्ति पराल बटुलून्।” यी फिरऊनको नयाँ हुकूम थियो।





तिनीहरूको पराल बटुल्ने समय नभएर अनि अझै ईटा बनाउन परेको कारण कादारीहरूले इस्राएली दासहरूलाई पिटे।





यस समस्याको कारण मानिसहरूले मोषा र हारूनलाई लगाए। मोषाले प्रार्थना गर्ने ठाउँ पाए अनि रोएर भने, “हे परमप्रभु, तपाईंले आफ्ना प्रजाहरूलाई नबचाउने”।

तब परमप्रभुले भन्नुभयो, “म परमप्रभु हुँ, अनि म तिनीहरूलाई बाहिर निकाल्नेछु।”

त्यसपछि परमेष्वरले मोषा अनि हारूनलाई फिरऊनकहाँ पठाए। जब षक्तिषाली षासनकारले परमप्रभुको सेवकहरूलाई परमप्रभुबाट



मागे तब हारूनको लौरो साँपमा परिवर्तन भयो।



फिरऊनले गर्जेर भने, “मेरा जादूगरहरू बोलाऊ।” जब मिश्री जादूगरहरूले पनि आफ्नो लौरो फ्याके तब तिनीहरूको लौरो पनि साँप भए। तर हारून साँपलाई अर्कोलाई निलिहाले। अझसम्म पनि फिरऊनले मानिसहरूलाई पठाउन अस्वीकार गरिरहेका थिए।

अर्को बिहानी, मोषा अनि हारून फिरऊनलाई नदीमा भेटे। जब हारूनले पानीमा लौरो हाले तब परमप्रभुले पानीलाई रगतमा परिवर्तन गर्नुभयो। माछाहरू मर्न लागे अनि मानिसहरूले पानी पिउन सकेनन्।



तर फिरऊन आफ्नो हृदय कठोर पारे। उनले इस्राएलीहरूलाई मिश्र छोड्न दिएनन्।





फेरि मोषाले
परमप्रभुको
प्रजालाई जान
देऊ भनी भने तब
फेरि फिरऊनले
अस्वीकार गरे।
परमप्रभुले अर्को
विपति
पठाउनुभयो।
मिश्रभरि, हरेक
घर, कोठा,
सबैतिर भ्यागुताले
भरिदिए।



फिरऊनले बिन्ती गरे, “मेरो लागि प्रार्थना गरिदिनु कि परमप्रभुले यी सबै भ्यागुता हटादिऊन्।” “अनि म मानिसहरूलाई जान दिनेछु।” तर जब भ्यागुताहरू हटिए तब फिरऊनले आफ्नो मन परिवर्तन गरे। उनले दासहरूलाई स्वतन्त्र गरेनन्।

त्यसपछि परमप्रभुले मिश्रभरि भुसुना पठाउनुभयो। हरेक मानिसहरू अनि पषुहरू त्यसको टोकाइले तिनीहरू वाक्कै भए तर फिरऊनले परमप्रभुलाई दिएनन्।







अर्को परमप्रभुले
तिनीहरूमाथि बथान
भींगा पठाउनुभयो।
परमप्रभुले मिश्रीहरूको
गाई-वस्तुहरूमाथि
मार्न रूढ़ीहरू
पठाउनुभयो।





परमप्रभुले पीलोहरू पठाउनुभयो जसले मानिसहरूलाई धेरै दुःख भए तर अझसम्म फिरऊनले संघर्श गरिरहे।

पीलोको विपति पछि
परमप्र्रभुले सलहको
बथान पठाउनुभयो
जसले सबै हरियो
घाँसहरू खाइदिए।





त्यसपछि परमप्रभु
तीन दिनसम्म
अँध्यारो पार्नुभयो
तर पनि फिरऊन
कठोर भई
इस्राएलीहरूलाई
स्वतन्त्र गराएनन्।

परमप्रभुले चेताउनी दिए, “म अब अर्को विपति ल्याउनेछु।” “मध्यरातमा, पहिलो बालक चाहे मानिसको होस् अनि पषुको तिनीहरू मर्नेछ।” इस्राएलीहरूलाई परमप्रभुले भन्नुभयो यदि तिमीहरूले भेड़ाको रगत ढोकाको चैकीमा लगाउनु अनि तिमीहरू बचाइनेछौं।







मध्यरातमा, ठूलो आवाज उठ्यो, मृत्यु मिश्रमा छायो। कमसेकम हरेक घरको एउटा व्यक्ति मरे।



मोषालाई फिरऊले बिन्ती गरे, “गइहाल।” “जाऊ परमप्रभुको सेवा गर।” चाँड़ै परमप्रभुको मानिसहरू मिश्रको सिमानातर्फ बढे।



निस्तार चाड़को समझना गर्नु
किनकि परमप्रभुको दूतहरू इस्राएलको
घरहरूबाट जानेछ अनि फिरऊन अनि उनको मानिसहरूलाई
हिर्काउछ भनी परमप्रभुले मोषालाई भन्नुभयो।



मिश्रमा 430 वर्श पछि परमेष्वरको मानिसहरू स्वतन्त्र भए। परमप्रभुले तिनीहरूलाई दिनमा बादलको खाँबो अनि रातमा आगोको खाँबो भइ डाÚयाउनुभयो।





तर फिरऊन इस्राएलीहरूलाई छोड़ेनन्। फेरि, तिनले परमप्रभुलाई बिर्से अनि आफ्नो मन परिवर्तन गरे। सेनाहरूलाई जम्मा गरे अनि दासहरूको पछि गए। चाँड़ै तिनीहरूलाई समुद्र अनि चट्टानको बीचमा फँसाए।

मोषाले भने, “परमप्रभुले तिमीहरूको विरूद्ध लड़ाई गर्नुहुनेछ।” मोषा नदीको किनारमा गएर आफ्नो हात पन्साए।



एउटा
अचम्भको
घटना घटे
परमप्रभुले पानीमा
बाटो बनाउनुभयो
अनि मानिसहरूले
सुरक्षित रूपमा
पार गरे।

त्यसपछि फिरऊन सेनाले लाल समुद्र दगुर्दै गए अनि तिनीहरूले सोचे “हामी तिनीहरूलाई पक्रौं।” तर परमप्रभुले पानी बन्द गरिदिनुभयो अनि मिश्रको षक्ति सेना पानीमा डुबेर मरे। तब फिरऊनले थाह गरे कि इस्राएलको परमप्रभु सबैको परमप्रभु हो।



# फिरऊनलाई बिदा!

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

## प्रस्थान 4-15

**“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”**

**भजनसंग्रह ११९:१३०**

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो । तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६